नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

# प्रतिलिपि अधिकार बुलेटिन

Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

असार ३१, २०६९ | Volume 6, Issue 18 | July 15, 2012

## यस भित्र

प्रतिलिपि अधिकार सम्बन्धमा छलफल...२

रोम महासन्धि, १९६१ सम्बन्धी अन्तरक्रिया ............................ २

नेपालमा प्रतिलिपि अधिकारको संरक्षण (लेख) ........................ ३

पुस्तक तथा प्रतिलिपि अधिकार सम्बन्धी नीति ......................... ५

बौद्धिक सम्पत्तिको महत्व र पत्रकारहरूको भूमिका ............. ६

रोयल्टी संकलन संस्थाहरूको लागि आचार संहिता.......................... ६

कार्यालयको अनुरोध ................ ७

रचना दर्ता.............................. ८

सम्पादक समूहः

प्रधान सम्पादकः बिसु कुमार के.सी.

सम्पादकः विश्वबन्धु पौडेल

सम्पादकः अनिल राज शर्मा

डिजाइन तथा कम्प्युटर

रत्नकाजी महर्जन

दिपेन्द्र कक्षपती

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# प्रतिलिपि अधिकार सम्बन्धी गोष्ठी सम्पन्न

यही २०६८ असार ६ गते "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था तथा सुधारका क्षेत्र" विषयमा एक दिवसीय गोष्ठी वुटवलमा सम्पन्न भयो । प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका क्षेत्रमा भएका व्यवस्था सम्बन्धमा जानकारी गराउने, प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाको बारेमा जानकारी दिने, प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने, स्थानीयस्तरमा भइरहेको प्रतिलिपि अधिकारको उपयोग तथा यसको उल्लंघन सम्बन्धमा जानकारी लिंदै सरोकारवालाहरूले निर्वाह गर्ने भूमिकाको बारेमा सचेतना बढाउने तथा प्रतिलिपि अधिकारको उल्लंघन (Piracy) ले सिर्जना गरेका समस्याहरू र त्यसका समाधानका उपायबारे जानकारी दिने जस्ता उद्देश्यबाट सञ्चालन गरिएको उक्त कार्यक्रममा एक सय जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता भैरहवा वहुमुखी क्याम्पसका प्रमुख तथा प्राध्यापक डा. घनश्याम न्यौपानेले गर्नुभएको थियो भने प्रमुख आतिथ्यता पुनरावेदन अदालत वुटवलका माननीय मुख्य न्यायाधीश श्री ईश्वर खतिवडाले गर्नुभएको थियो ।

सो अवसरमा प्रमुख अतिथि मुख्य न्यायाधीश श्री ईश्वर खतिवडाज्यूले "नेपालमा प्रतिलिपि अधिकार कानून कार्यन्वयन न्यून अवस्थामा रहेको र यसको कारण कानूनमा कमजोरी भएर हो वा सचेतना नभएर हो वा सिर्जना सम्बन्धी विवादहरूको कमी भएर हो खोजी गर्न जरूरी छ" भनेर औंल्याउनु भयो । "प्रतिलिपि अधिकार सम्बन्धमा जनमानसमा चेतनाको कमी छ । नीति निर्माताहरूमा पनि यसको महत्व र गरिमाको जानकारी हुन नसके जस्तो छ भने यो अधिकारको कार्यान्वयन गर्ने निकायमा कार्यरत प्रहरी, कर्मचारी तथा पदाधिकारीहरूमा पनि पर्याप्त ज्ञान र सीप छैन" भन्नु हुँदै वहाँले कारवाही गर्दा न्याय निरूपण गर्दा विवेकको समेत प्रयोग हुनु पर्ने आवश्यकता औंल्याउनु भयो । "आफ्नो सिर्जनाको चोरी वा नक्कलको

बाँकी पृष्ठ ७ मा

# श्रव्यदृश्य प्रस्तुति सम्बन्धी बेइजिङ सन्धि

श्रव्यदृश्य प्रस्तोताहरूको अधिकार सम्बन्धी कुटनैतिक सम्मेलन गत जुन २६ तारिखमा बेइजिङमा सम्पन्न भयो । सो सम्मेलनमा नेपाल लगायत विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) का सदस्य मुलुकहरूका सहभागी प्रतिनिधिहरूले Beijing Treaty on Audiovisual Performances मा हस्ताक्षर गरेका छन् । उक्त सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेशराज जोशीले गर्नु भएको थियो ।

बेइजिङ सन्धिले श्रव्यदृश्य प्रस्तोताहरूको अधिकारलाई प्रतिलिपि अधिकारको क्षेत्रमा विस्तृत रूपमा समेटेको छ । विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) का महानिर्देशक Mr. Fancis Gurry को भनाइमा "बेइजिङ सन्धि अन्तर्राष्ट्रिय प्रतिलिपि अधिकार व्यवस्थामा प्रस्तोताहरूको अधिकार सम्बन्धमा रहेका कमी पूरा गर्न एउटा कोशेढुङ्गा सावित हुनेछ ।"

श्रव्यदृश्य प्रस्तुति सम्बन्धी बेइजिङ सन्धिले चलचित्र तथा अन्य क्षेत्रका प्रस्तोताहरूको श्रव्यदृश्य प्रस्तुतिउपरको आर्थिक र नैतिक अधिकार सुनिश्चित गरेको छ । यस्ता प्रस्तोताहरूले आफ्नो कला प्रस्तुति भएको श्रव्यदृश्यजन्य उत्पादनको पुनःउत्पादन, प्रसारण र सार्वजनिक प्रदर्शन गर्दा हुने आम्दानीबाट लाभांश पाउने अधिकार राख्दछन् । सन्धिले डिजिटल प्रविधि लगायत कुनै पनि रूपमा प्रयोग हुने प्रस्तुतिउपर प्रस्तोताको हक सुरक्षा गर्न खोजेको छ भने अधिकार धनीको अनुमति विना प्रयोग भएको अवस्थामा कानूनी कारवाही हुने व्यवस्था गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

सन्धिमा हाल भएको हस्ताक्षर प्रारम्भिक सहमति मात्र हो । यो सन्धिलाई ३० भन्दा बढी मुलुकहरूले अनुमोदन गरेपछि मात्र कार्यान्वयनमा आउने प्रावधान छ ।



# प्रतिलिपि अधिकारको समसामयिक विषयमा छलफल




प्रतिलिपि अधिकारका क्षेत्रमा रहेका विभिन्न समस्या तथा चुनौती बारे यस क्षेत्रमा कार्यरत संस्था तथा व्यक्तिहरूका समस्या तथा चुनौती सम्बन्धमा नीति निर्माणतहको मथिल्लो निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्चस्तरीय पदाधिकारीहरू संग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमका मुख्य अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेशराज जोशीले नेपालको सम्पदा र संस्कृति धेरै रहेको हुँदा यिनको सही परिचालन गरिनु पर्दछ भन्नु भयो । यससँग सम्बन्धित ऐन कानूनको परिमार्जन गर्दै लैजानु आवश्यक छ र यसका लागि समय लाग्दछ, अन्तर्राष्ट्रिय कानूनले सबैलाई राष्ट्रिय व्यवहार गर्न दवाव दिइरहेको अवस्थामा आपसि छलफल समेत गरेर यस सम्बन्धी कार्यविधिहरू निर्माण गर्दै अगाडि वढ्न उचित हुन्छ भन्नु भयो । प्रतिलिपि अधिकार व्यवस्थाको विकासको लागि आफ्नो तर्फबाट सक्दो सहयोग र पहल गर्ने प्रतिवद्धता समेत श्रीमान् सचिवज्यूबाट व्यक्त गर्नु भएको थियो । कार्यक्रमका अर्का अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री रञ्जनकृष्ण अर्यालले प्रतिलिपि अधिकार फौजदारी अपराधको श्रृङखलामा रहेकोले अदालतमा जाँदा अन्य फौजदारी अपराध सरह जान्छ तर यसको प्रकृति केही भिन्न रहेकोले प्रहरीबाट अरूलाई भन्दा बढी सहयोग हुनु पर्दछ भन्नु भयो । यसै गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री विष्णुराज कार्कीले नेपालमा अमुर्त सम्पदाको संरक्षण सम्बन्धमा छुट्टै काम भइरहेको र यसको छुट्टै नीति आउने प्रक्रियामा रहेकोले यसबाट गीत संगीतका लागि नीतिगत सहयोग पुग्नेछ भन्ने धारणा व्यक्त गर्न भयो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले नेपालको प्रतिलिपि अधिकार व्यवस्था र यसका समस्या र चुनौती विषयमा जानकारी गराउनु भएको थियो । यस क्रममा वहाँले प्रतिलिपि अधिकार सम्बन्धी ऐन, नियम, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नेपालमा प्रतिलिपि अधिकार सम्बन्धी प्रमुख व्यवस्था, प्रशासनिक संरचना, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको उद्देश्य तथा कार्यहरू, प्रतिलिपि अधिकार ऐन कार्यान्वयन तथा पाईरेसी नियन्त्रण सम्बन्धी कार्ययोजना, समस्याहरू तथा समस्याका कारणहरू, ऐन नियममा सुधारका क्षेत्रहरू लगायत पक्षहरूमा विवेचना गर्नु भएको थियो ।

कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपालका उपाध्यक्ष श्री शुरेस अधिकारीले प्रतिलिपि अधिकार उल्लंघन गर्न प्रविधिले पनि सजिलो बनाएको छ भन्नुहुँदै गीत संगीतहरू रिलिज हुन नपाउदै youtube मा पुगिसक्छन्, यस्तो अवस्थालाई न्यूनीकरण गर्न सरकारबाट मनोरञ्जन कर वा अन्य कर त्यस्ता थप कर Device हरूमा लगाउनु उपयुक्त रहेको र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई कारवाहीको प्रारम्भिक अधिकार दिनु पर्ने जस्ता धारणा व्यक्त गर्नु भयो ।

नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका पूर्व अध्यक्ष तथा वरिष्ठ गायक कुमार वस्नेतले स्रष्टाको मेहनतको कमाई पाउन् भनेर रोयल्टी संकलन संस्थाको गठन गरिएको भए तापनि पाईरेसी नियन्त्रण हुने प्रविधिको विकास हुन नसकेकोले समस्याका जटिलताको चित्रण गर्नु भयो। नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका रमण घिमिरेले सरकारी संस्थाहरूले नै रोयल्टी नबुझाएको अवस्था बारे उल्लेख गर्नु भयो । नेपाल संगीत उद्योग संघका पूर्व अध्यक्ष भगवान कुमार श्रेष्ठले प्रतिलिपि अधिकारको उल्लंघनको मुद्दालाई सकारवादी मुद्दा भनिन्छ तर मुद्दा दायर गर्न साक्षी र दशी प्रमाण पुऱ्याउन गाह्रो भएको हुँदा मुद्दामा प्रतिलिपि अधिकार धनीले न्याय पाउन नसक्ने अवस्था रहेको कुरा बताउनु भयो ।

# रोम महासन्धि, १९६१ सम्बन्धी अन्तरक्रिया

विश्व व्यापार संगठनमा प्रवेश गर्दा प्रतिबद्धता जनाए अनुरूप अगामी सन् २०१३ सम्म नेपालले प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाको अधिकारको संरक्षण गर्न बनेको रोम महासन्धि, १९६१ को पक्षधर बन्नु पर्ने हुन्छ । रोम महासन्धिका केही धाराहरूमा आरक्षण राख्न सकिने प्रावधान रहेको छ, तर नेपालको प्रतिलिपि अधिकार ऐन, २०५९ मा रोम महासन्धिका प्रावधानहरू समेटी सकिएको अवस्था छ । यसै परिप्रेक्षमा नेपालले सो सन्धिको पक्षधर बन्दा आरक्षण राखेर वा आरक्षण नराखी पक्षधर बन्ने भन्ने सम्बन्धमा सम्बन्धित सरोकारवालाहरू तथा कानून व्यवसायीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा South Asia Watch on Trade, Economics and Environment (SAWTEE) को संयुक्त आयोजनामा गरिएको यस अन्तरक्रिया कार्यक्रममा नेपालका विभिन्न प्रसारण संस्था, ध्वनिअंकन उत्पादक तथा प्रस्तोताहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री विष्णुराज कार्कीले गर्नु भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री विश्ववन्धु पौडेलले प्रस्तोता, ध्वनिअंकन तथा प्रसारण संस्थाका अधिकार संरक्षण गर्ने रोम महासन्धि सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा सन्धिको परिभाषा, महत्व, रोम महासन्धिको उत्पत्ति र आवश्यकता, रोम महसन्धिमा भएका प्रमुख व्यवस्थाहरू, प्रस्तोता, ध्वनिअंकन तथा प्रसारण संस्थाका अधिकारहरू, आरक्षण राख्दा र नराख्दा हुने फाईदा तथा बेफाईदा बारे प्रकाश पार्नु भएको थियो ।



कार्यक्रममा SWATEE का अनुसन्धान अधिकृत श्री निरज श्रेष्ठले रोम महासन्धि बारे आफ्नो संस्थाले विस्तृत रूपमा अध्ययन गर्न लागेको जानकारी गराउनु भयो । उहाँले अध्ययन गर्ने क्रममा सम्बन्धित निकाय तथा सरोकारवालाहरूलाई आफ्नो राय सुझाव र प्रतिक्रिया तथा आवश्यक सूचना प्रदान गरेर सहयोग गरिदिन समेत आग्रह गर्नु भयो ।

# नेपालमा प्रतिलिपि अधिकारको संरक्षण



कमलप्रसाद पोखरेल
उपसचिव, सर्वोच्च अदालत

## १. परिचय

कुनै सृजनसील व्यक्तिले आफ्नो बुद्धि, समय, श्रम र रकमको खर्च गरेर कुनै उपयोगी आविस्कार वा श्रृजना तयार गरेको हुन्छ, जस्लाई हामी छुन र देख्न सक्दैनौ तर अनुभव गर्न सक्छौ, त्यस्ता संपत्तिहरूलाई बौद्धिक संपत्ति भनिन्छ । त्यसरी उत्पादन गरिएका वस्तुहरू स्वंयमा बौद्धिक संपत्ति होइनन तर ति वस्तुमा रहेका सूचनाहरूको प्रस्तुतीमा र त्यस्को पुनरूत्पादन गर्ने अधिकारमा बौद्धिक संपत्ति अन्तरनिहित रहेको हुन्छ । जस्तो कि कुनै लेखकले लेखेको पुस्तक पसलेले बजारमा बिक्री गर्न सक्छ, कुनै व्यक्तिले बजारमा किनेर घरमा लान सक्छ, पढ्न सक्छ, च्यात्न, फाल्न पनि सक्छ त्यसबाट प्रतिलिपि अधिकारको उल्लंघन हुँदैन तर त्यही पुस्तक फोटोकपी गरी वा अन्य कुनै तरिकाले प्रतिलिपि निकालेर वा पुनरूत्पादन गरेर बिक्री व्यापार गर्नु हुँदैन । त्यसैगरी कुनै ट्रेडमार्क भएको वस्तु उपभोग गर्न पाइन्छ तर कुनै अर्के वस्तुमा उक्त मार्क भएको लेवल लगाएर विक्री गर्न पाइदैन । संचार र सूचनाको अभूतपूर्व उन्नती र प्रगति भएको आजको आधुनिक विश्वमा बौद्धिक संपत्तिको क्षेत्रमा द्रुत गतिले विस्तार भइरहेको छ । दिन प्रतिदिन नयाँ नयाँ बौद्धिक संपत्ति थपिई रहेका छन । साथै बौद्धिक संपत्ति अतिक्रमण गर्ने, चोरी गर्ने तरिका र प्रविधिहरूको पनि उत्तिकै विकाश भएकोले बौद्धिक संपत्तिको संरक्षणमा चुनौतिहरू पनि थपिएका छन ।

## २. प्रतिलिपि अधिकार

प्रतिलिपि अधिकार एक प्रकारको बौद्धिक संपत्ति हो जुन केही निश्चित सीमाको अधिनमा रहेर कानूनले संरक्षण गरेको हुन्छ । प्रतिलिपि अधिकारलाई Black's Law Doictionary मा यसरी परिभाषा गरिएको छ[ii]

The right to copy; specify – A property right in an original work of authorship (including literary, musical, dramatic, choreographic, pictorial, graphic, sculpture, and architectural works, motion pictures and other audio visiual works; and sound recording) fixed any tangible medium of expression, giving the holder the exlusive right to reproduce, adapt, distribute, perform and display the work.

माथिको परिभाषाबाट प्रष्ट छ कि सारमा भन्दा रचनाको पुनरूत्पादन गर्ने अधिकारलाई प्रतिलिपि अधिकार भन्न सकिन्छ । यो रचनाकारको सांपत्तिक अधिकार हो । तर त्यस्ता रचनाहरू कानूनले प्रतिलिपि अधिकार निहित हुनसक्ने प्रकुतिको हुनको साथै ती रचनाहरू मौलिक रूपले सृजना गरिएका र ठोस माध्यममा अभिव्यक्त गरिएको पनि हुन जरूरी छ । प्रतिलिपि अधिकारमा रचनाको रचनाकार वा त्यसको धनीलाई रचनाको पुर्नउत्पादन गर्न, प्रकाशित गर्ने, स्वरूप परिवर्तन गर्ने, सर्वसाधारणमा संचार गर्ने लगाएत आफूमा निहित रहेको अधिकार अरूलाई आफूले राखेको शर्तहरूमा बिक्री गर्ने अधिकार समेतको एकलौटी अधिकार (Exclusive Right) कानूनद्वारा प्रदान गरिएको हुन्छ । रचनाकारले सृजना गरेको मौलिक रचना र त्यसको अभिव्यक्तिको अनधिकृत रूपमा अरूबाट प्रयोग नहोस, अनधिकृत व्यक्तिले अनुचित फाइदा उठाउन नपाउन भन्ने अभिप्रायले प्रतिलिपि अधिकारको कानूनद्वारा संरक्षणको व्यवस्था गरिएको हो ।

प्रतिलिपि अधिकार सम्वन्धी कानूनले सृजनात्मक कृयाकलापका विभिन्न स्वरूपहरूलाई समेटेको हुन्छ जुन लगभग हिसावले आम संचारका सबै माध्यमहरूसँग सम्वन्धित हुन्छन । परंपरागत हिसावले पत्र पत्रिका र पुस्तकमा सिमित रहेको प्रतिलिपि अधिकार अहिले नयाँ बैज्ञानिक आविश्कार र डिजिटल प्रविधीको विकाससँगै संचारका नयाँ माध्यमहरू रेडियो, टेलीभिजन, सिनेमा, अडियो, भिडियो लगायत कम्प्युटर सफ्टवेयर प्रणालीको निर्माण तथा त्यसमा इन्टरनेटको माध्यमबाट सूचनाहरू भण्डारण गर्ने तथा एक ठाँउबाट अर्को ठाँउ संचार गर्ने एवं भण्डारमा रहेका वा इन्टरनेट अनलाइनमा भएका सूचनाहरूलाई निकाल्ने विषयहरूसम्म विस्तार भएको छ ।

कुनै रचनाकारको मौलिक रचनामा मुख्य रूपले दुई प्रकारको प्रतिलिपि अधिकारहरू समाहित भएर रहेको हुन्छ,

क) नैतिक अधिकारहरू, र

ख) आर्थिक अधिकारहरू

आर्थिक अधिकारमा रचनाको प्रतिलिपि निकाल्ने, प्रकाशित गर्ने, संचार गर्ने (बोर्डकास्टिङ्ग गर्ने वा कम्प्युटर अनलाइनमा समावेश गर्ने समेत) सार्वजनिक रूपमा प्रस्तुती गर्ने लगाएतका अधिकारहरू समावेश हुन्छन ।

त्यसैगरी नैतिक अधिकारमा रचनामा रचनाकारको हैसियतले आफ्नो नाम राख्न पाउने वा रचनाकारको रूपमा परिचित हुन पाउने, आफ्नो रचनाकारको परिचयलाई विकृत रूपमा प्रयोग हुन नदिने (right against false attribution), रचनालाई तोडमरोड वा विकृत हुन नदिने तथा गोपनीयताको अधिकार समेतका अधिकारहरू संरक्षित रहेका हुन्छन । प्रतिलिपि अधिकारलाई रचनाको प्रकृतिको आधारमा दुई वर्गमा विभाजन गर्ने गरिएको पनि पाइन्छ, पहिलो,– नाटककारिता (dramatic), साहित्यिक, कलात्मक, साँगितिक जस्ता रचनाहरूलाई मौलिक रचना (original works) मानिन्छ र दोश्रो,– ध्वनिअङ्कन, फिल्म, बोर्डकास्टिङ्ग कार्यक्रमहरूलाई सहरचना (derivative works) भन्ने गरिन्छ ।

## ३. आधारभूत तत्वहरू

कुनै पनि रचनामा प्रतिलिपि अधिकार सुरक्षित हुनका लागि रचना हुनु मात्र पर्याप्त हुँदैन, रचनाले केही निश्चित मापदण्ड पूरा गरेको हुनुपर्छ । विश्वमा प्रचलित मान्यता अनुसार कुनै पनि रचनामा प्रतिलिपि अधिकार सुरक्षित हुनका लागि मुख्य गरेर तीन वटा तत्व आवश्यक मानिन्छन, – क) रचना (works) ख) ठोस माध्यममा व्यक्त गरिएको (fixation of work) ग) मौलिक रूपमा रचना गरिएको (originality)

**क. रचना:** प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ मा रचनाको परिभाषा गरिएको छ । जसअनुसार: "रचना" भन्नाले साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचना सम्झनु पर्छ र सो शब्दले किताब, पर्चा, लेख, शोधपत्र, नाटक, नाट्य-संगीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना, शब्द सहित वा शब्द रहित सांगीतिक रचना, श्रव्य दृश्य रचना, आर्किटेक्चरल डिजाइन, चित्रकला, पेन्टिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चर सम्बन्धी अन्य रचना, फोटोजन्य रचना, प्रयोगात्मक कला सम्बन्धी रचना, उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी त्रि-आयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना, कम्प्युटर प्रोग्राम समेतलाई जनाउछ भनी परिभाषा गरिएको छ । उक्त परिभाषामा बौद्धिक रूपले प्रस्तुत गरिएको भन्नाले शैक्षिक रूपले पढे लेखेको व्यक्तिले प्रस्तुत गरेको भन्न खोजिएको नभएर रचना गर्दा बुद्धिको प्रयोग गरिएको भन्न खोजिएको सम्झनु पर्ने हुन्छ, किनकि शैक्षिक रूपले अनपढ व्यक्तिले पनि विभिन्न किसिमका रचनाहरू गर्न सक्छन । प्रतिलिपि अधिकार ऐनको उक्त दफा २ मा रचनाको परिभाषामा उल्लिखित शिर्षकका रचनाहरूको सूची पूर्ण (exhaustive) होइन, उक्त सूचीमा नभएका रचनाहरू पनि प्रतिलिपि अधिकारबाट सुरक्षित हुन सक्छन यदि त्यस्ता रचनामा प्रतिलिपि अधिकारका लागि आवश्यक आधारभूत तत्वहरू छन भने ।

अत्यन्तै झिना मसिना कुराहरू र ससाना रचनाहरू प्रतिलिपि अधिकारको सन्दर्भमा रचना (work) मानिदैन । बेलायतमा Sinanide v La Maison Kosmeo.[iii] को मुद्धामा बिज्ञापनको नारा (slogan) 'beauty is social necessity, not a luxury' लाई कपी गरी प्रतस्पर्धी नारा (slogan) 'a youthful appearance is a social necessity.' बनाइयो भन्ने मुद्धा बेलायतको अदालत चल्दा अदालतले व्याख्या गर्दै उक्त नारा प्रतिलिपि अधिकारबाट सुरक्षित हुनका लागि अत्यन्तै सानो भएकोले संरक्षित हुन नसक्ने भन्ने निर्णय दिएको थियो । कानूनको प्रसिद्ध सिद्धान्त "कानूनले सानोतिनो कुराको वास्ता गर्दैन" ' non curat lex' भन्ने सिद्धान्तअनुसार ससाना कुराको सन्दर्भमा प्रतिलिप अधिकार ऐन आकर्षित हुन सक्दैन । नाम, उपनाम, नारा तथा अरू छोटा वाक्यहरू प्रतिलिपि अधिकार सम्वन्धी कानूनबाट होइन कि ट्रेडमार्क सम्वन्धी कानूनबाट संरक्षित हुन सक्छन ।

**ख. ठोस माध्यममा प्रस्तुत गरिएको (fixation of work)** कुनै सोच वा विचार दिमागमा आउदैमा त्यस्तो विचार वा सोच प्रतिलिपि अधिकारबाट सुरक्षित हुन सक्दैन । त्यस्तो विचार वा सोच कुनै ठोस माध्यममा प्रस्तुत गरिएको वा व्यक्त भएको पनि हुनुपर्छ । प्रतिलिपि अधिकारले विचारको होइन कि अभिव्यक्तिको संरक्षण गर्दछ । मगजमा आएका विचारहरू (concepts), उपाय (idea), तथ्यहरू प्रतिलिपि अधिकारबाट सुरक्षित हुन सक्दैनन । यद्यपी प्रतिलिपि अधिकार ऐन, २०५९ मा रचनाहरू ठोस

[i] यस लेखमा व्यक्त विचारहरू लेखकका निजी हुन ।

[ii] Brayan A. GArner, Black's Law Dictionary,eighth edition, ed. Thompson, West (2004) p.361

[iii] Catherine Colston, Principles of Intellectual Property Law, (1998), Cavendish Publishing Limited, p. 168.

माध्यममा माध्यममा व्यक्त गरिएको हुनुपर्छ भनी प्रस्ट रूपमा कानूनी व्यवस्था गरेको नभए पनि दफा २ मा मौलिक एवं बौद्धिक रूपले "प्रस्तुत गरिएको" भनिएबाट कुनै न कुनै माध्यममा प्रस्तुत गरिएको वा व्यक्त भएको हुनुपर्ने भन्ने आशय देखिन्छ ।

**ग. मौलिकता (Originality)** प्रतिलिपि अधिकारबाट सुरक्षित हुनका लागि कुनै पनि रचनामा मौलिकता हुन आवश्यक छ । प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २. (क) मा रचना को परिभाष गर्दा "रचना" भन्नाले साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचना सम्झनु पर्छ .." भनिएको बाट पनि रचनामा मौलिकता कानूनी रूपमा अनिवार्य भएको प्रस्ट छ । प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३ (१) अनुसार कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुने तथा दफा ३(२) मा "प्रस्तुतिकरण, संकलन वा अभिव्यक्तिको दृष्टिकोणबाट मौलिक रूपमा प्रस्तुत भएको" रचनाहरूलाई प्रतिलिपि अधिकार प्राप्त हुने व्यवस्था भएको पाइन्छ । तर प्रतिलिपि अधिकार ऐन, २०५९ मा मौलिकताको परिभाषा गरिएको छैन, नत हालसम्म नेपालमा अदालतका फैसलाहरूबाट यसको व्याख्या भएको छ । त्यसो हुँदा अहिलेसम्म नेपालको सन्दर्भमा मौलिकताको परिभाषा स्पस्ट हुन सकेको छैन । प्रचलित मान्यता अनुसार मौलिकता भन्नाले कुनै नयाँ आविस्कार (invention) अथवा विल्कुलै नयाँ श्रृजना (novel) हुनुपर्छ भन्ने होइन, अभिव्यक्तिमा मौलिकता हुनुपर्छ भन्ने सम्म हो । बेलायतमा University of London Press v University of Tutorial Press [1916] 2CH 601 and Ladbroke (football) v William Hill [1964] 1 All ER 465[iv], लगायतका विभिन्न मुद्दाहरूमा मौलिकता भन्नाले रचनाकारबाट श्रृजना गरिएको ( originate from author) हुनुपर्ने तथा आफ्नो 'शीप, श्रम र निर्णय' ('skill, labour and judgment') को प्रयोग गरिएको भएमा मौलिक श्रृजना मानिने व्याख्या भएको छ ।

एक भन्दा बढी रचनाहरू उस्तै प्रकृतिका देखिन सक्छन अथवा एउटै विचारबाट प्रभावित भएका पनि हुन सक्छन, विचार मिलेको भन्ने आधारमा मात्र प्रतिलिपि अधिकार उलंघन भएको मानिदैन । आधारभूत सोच (basic idea) वा विषयवस्तु (theme) का दृस्टिले समान प्रकृतिका रचना पनि हुनसक्छन, त्यसो भएपनि यदि अभिव्यक्तिमा मौलिकता छ भने सबै रचनाहरूमा प्रतिलिपि अधिकार प्राप्त हुन सक्छ ।

### ४. प्रतिलिपि अधिकारको उल्लंघन र संरक्षण, उपचारको व्यवस्था

कुनैपनि रचनाको (प्रतिलिपि अधिकार रहन सक्ने) सृजना हुने वित्तिकै कुनै औपचारिकता, दर्ता वा परिक्षण बिना कानूनले प्रतिलिपि अधिकारको संरक्षण गराउँछ । यद्धपि प्रमाणको लागि रचना गर्ने व्यक्तिले स्वेच्छाले आफ्नो रचना प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा दर्ता गराउन सक्छ ।

**क. प्रतिलिपि अधिकारको उल्लंघन** कुनै व्यक्तिले रचनाकार वा रचनाको धनीसँग अनुमति नलिई वा अधिकार प्राप्त नगरी प्रतिलिपि अधिकारसम्वन्धी कानूनले प्रतिवन्ध लगाएको कार्यहरू,– रचनाको पुनरूत्पादन गर्ने, अनुवाद गर्ने, परिमार्जन वा संशोधन गर्ने, संयोजन रूपान्तरण गर्ने, मूल र प्रतिलिपि सर्वसाधारणको लागि बिक्री वितरण वा बहालमा दिने, प्रतिलिपि आयात गर्ने, सार्वजनिक प्रदर्शन गर्ने, प्रस्तुति गर्ने, प्रसारण गर्ने, सार्वजनिक सञ्चार गर्ने इत्यादि गरेमा प्रतिलिपि अधिकारको उल्लंघन हुनजान्छ । मुख्य गरेर प्रतिलिपि अधिकारको उल्लंघनलाई दुई श्रेणीमा विभाजन गर्ने गरिन्छ । क) प्राथमिक वा प्रत्यक्ष उल्लंघन (primary infringement) र ख) अप्रत्यक्ष वा सहायक उल्लंघन (secondary infringement) । प्राथमिक वा प्रत्यक्ष उल्लंघन भन्नाले रचनाकार वा रचनाको धनीसँग अनुमति नलिई वा अधिकार प्राप्त नगरी मूल रचनाको नक्कल गर्ने वा पुनरउत्पादन गर्ने कार्यलाई जनाउँछ । सहायक वा अप्रत्यक्ष उल्लंघन भन्नाले प्रत्यक्ष उल्लंघनको लागि विभिन्न तरिकाले सहयोग पुर्‍याउने कार्य (जस्तो कि घर, पशल, मेशिनरी उपलब्ध गराउने इत्यादि) लाई जनाउँछ । प्रतिलिपि अधिकारको प्रत्यक्ष उल्लंघनमा उल्लंघनकर्ताको मनशाय हेरिदैन, उल्लंघनको कार्य गर्नु नै पर्याप्त हुन्छ, जबकि अप्रत्यक्ष उल्लंघनमा उल्लंघनकर्ताको मनशाय महत्वपूर्ण मानिन्छ ।

**ख. प्रतिलिपि अधिकारको उल्लंघन भएको हो होइन भन्ने सम्वन्धमा अदालतले विचार गर्नुपर्ने कुराहरू** प्रतिलिपि अधिकारको उल्लंघन भयो भएन भनेर निर्णय गर्दा अदालतले केही महत्वपूर्ण कुराहरूलाई मध्यनजर गर्नुपर्ने हुन्छ । किनकी प्रतिलिपि अधिकारको उल्लंघन सधैं रचनाको पूर्ण नक्कल गरिएको मात्र नभएर त्यसको सार उतार गरिएको वा महत्वपूर्ण अंश चोरिएको हुनसक्छ । साथै प्रतिलिपि अधिकारको अपवादहरूलाई पनि अदालतले ध्यान दिन जरूरी छ ।

**१. मूल रचनासाग सारमा समानता (Objective similarity):** एउटै विचारबाट प्रभावित भएर धेरै रचना हुन सक्ने भएपनि अर्काको रचनाको सार कुरालाई नक्कल गरिएको हो भने प्रतिलिपि अधिकारको उल्लंघन हुनजान्छ । दुई रचनामा हुवहु नक्कल गरिएको नभएपनि दुवै रचनामा सारभूत समानता छ र एउटा रचनाकारले अर्काको रचना अनधिकृत रूपमा नक्कल गरिएको पाइएमा प्रतिलिपि अधिकारको उल्लंघन भएको मानिन्छ ।

**२. महत्वपूर्ण अंश झिकिएको (Subtantial taking):** प्रतिलिपि अधिकारको उल्लंघनकर्ताले पूरै रचना नक्कल गरेको नभएर केही महत्वपूर्ण अंश झिकेर आफ्नो रचनामा समावेश गरेको हुनसक्छ । माथि चर्चा भए अनुसार सानुतिनु अंश झिकिएकोलाई कानूनले वास्ता गर्दैन 'de minimis non curat lex' भन्ने सिद्धान्त लागु हुन्छ । त्यसैले वादी पक्षले प्रतिवादीले रचनाको महत्वपूर्ण झिकेको हो भन्ने कुरा अदालत समक्ष स्थापित गर्नुपर्ने हुन्छ । तर यो कति अंश झिकिएको छ भन्ने विषय तथ्यको प्रश्न मात्र नभएर गुणात्मक पक्षको प्रश्न पनि हो । गुणात्मक हिसावले महत्वपूर्ण भाग नक्कल गरिएको भएमा रचनाको सानै भाग निकालिएको भएपनि महत्वपूर्ण भाग झिकिएको मान्नुपर्ने हुन्छ ।

**३. रचनामा पहुँच (Causal Connection):** प्रतिवादीको रचना मूल रचनासँग सारमा समान रहेको वा महत्वपूर्ण अंश झिकिएको भन्ने तथ्य प्रमाणित गर्नु मात्र प्रतिलिपि अधिकारको उल्लंघनको दावी पुष्टि गर्न पर्याप्त हुँदैन, उल्लंघनकर्ताको मूल रचनासम्म पहुँच थियो थिएन भनेर हेर्न पनि जरूरी छ । एउटै विचारबाट प्रभावित भएर वा उस्तै सूचनामा आधारित भएर वा संयोगले पनि एउटै समयमा एकै किसिमका दुई वा सोभन्दा बढी पृथक रचनाहरू गरिएको हुनसक्छ । त्यसैले प्रतिलिपि अधिकारको उल्लंघन भएको भन्ने दावीमा उल्लंघनकर्ताको मूल रचनामा पहुँच थियो र त्यसको प्रतिवादीले उपयोग गरेको थियो भन्ने कुरा पनि स्थापित हुन आवश्यक मानिन्छ ।

**४. अर्धचेतन रूपमा नक्कल गरिएको (Subconscious Copying)**

कहिले कही रचनाकार आफूले थाहा नपाइकन पनि अर्धचेतन रूपमा अर्काको रचनाको नक्कल गरिरहेको हुनसक्छ । तर प्रतिलिपि अधिकारको उल्लंघन भएको हो होइन भन्ने विवादमा मूल रचनालाई सचेतन वा अचेतन कुन रूपमा नक्कल गरेको भन्ने कुरा मूख्य होइन । यदि उल्लंघनकर्ताको मूल रचनासम्म पहुँच छ, र मूल रचनासँग सारमा समानता छ वा मूल रचनाको मुख्य अंश झिकिएको छ भने प्रतिलिपि अधिकारको उल्लंघन भएको मानिन्छ ।

**५. अशल नियतले गरिएको उपयोग (fair use) वा अनुमति प्राप्त उपयोग (permitted use):** प्रतिलिपि अधिकारले रचनाकार वा रचनाको धनीलाई रचनामा एकाधिकार (monopoly right) दिएको नभई एकलौटी अधिकार (exclusive right) सम्म दिएको मानिन्छ । प्रतिलिपि अधिकार सम्वन्धी कानुनले केही निश्चित परिस्थितिमा रचनाकारसँग अनुमति नलिई मुल रचनाको प्रतिलिपि निकाल्नलाई छुट दिएको हुन्छ । जस्तो, व्यक्तिगत प्रयोजनको लागि प्रतिलिपि निकाल्ने, उद्दरण गर्ने, यध्ययन अध्यापनको लागि, पुस्तकालय वा अभिलेखका लागि, सर्वसाधारणको जानकारीको लागि वा एक प्रति कम्प्युटर कार्यक्रम रचनाको धनी वा रचनाकारसँग अनुमति नलिई मूल रचनाबाट प्रतिलिपि निकाल्नलाई कानूनले अनुमति दिएको छ । अनुचित फाइदा उद्धेश्यको लागि वा व्यापारको लागि नभएर शैक्षिक उद्धेश्यको लागि रचनाको टिप्पणी, समालोचना, समाचार संप्रेशणको सन्दर्भमा अशल नियतले गरिएको रचनाको सिमित प्रयोगलाई कानूनले दण्डनीय बनाएको छैन । यस कुरामा अदालतले ध्यान दिन जरूरी छ ।

समग्रमा, प्रतिलिपि अधिकार उल्लंघन भएको हो होइन भनी ठहर गर्नु अघि अदालतले कम्तिमा निम्न छ वटा प्रश्नहरूमा विचार गर्न जरूरी छ,

- के विवादित रचनालाई कानूनको संरक्षण प्राप्त हुन सक्छ? विवादको रचनामा उजुरकर्ताको वैधानिक स्वामित्व छ ?
- के प्रतिवादीले गरेको रचनाको विवादित प्रयोग कानूनद्धारा प्रतिवन्धित हो?
- के प्रतिवादीले रचनाको महत्वपूर्ण अंशको प्रयोग गरेको हो?
- रचनाको धनीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रचनाको प्रयोगको लागि अधिकार दिएको छ कि?
- प्रतिवादीले गरेको भनिएको रचनाको प्रयोग व्यक्तिगत फाइदाको लागि गरेको हो कि सार्वजनिक हितको लागि गरेको हो?
- प्रतिवादीले गरेको भनिएको रचनाको प्रयोग कानूनद्धारा अनुमति प्राप्त छ कि?

*iv Catherine Colston, Principles of Intellectual Property Law, (1998), Cavendish Publishing Limited, p. 170-171.*

### ग. प्रतिलिपि अधिकारको उल्लंघनमा उपचार

प्रतिलिपि अधिकारको उल्लंघनमा कानूनमा व्यवस्था भए अनुसार प्रशाशनिक तथा न्यायिक दुवै थरिका उपचारहरू प्राप्त हुन सक्छन । प्रतिलिपि अधिकारको उल्लंघनमा उपचारको उद्धेश्य पीडितलाई क्षतिपूर्ती उपलव्ध गराउनु तथा उल्लंघनकर्तालाई सजाय दिलाउनु एवं क्षतिपूर्ति भराउनु हो । विश्वमा प्रचलित मान्यता अनुसार प्रतिलिपि अधिकारको उल्लंघनमा देवानी तथा फौज्दारी दुवै उपचारहरू उपलब्ध हुन सक्छन । अन्तराष्ट्रियप्रचलन अनुसार यी दुवै उपचारहरू स्वतन्त्र र पृथक हुन, तथापि सँगसँगै क्रियाशील हुन सक्छन । तर नेपालको प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार प्रतिलिपि अधिकारको उल्लंघनमा सरकारी मुद्धासम्वन्धी ऐन, २०४९ अनुसार सरकारी मुद्धाको रूपमा अनुसन्धान र अभियोजन गर्ने कानूनी व्यवस्था रहेको छ । उक्त ऐन अनुसार प्रहरीले मुद्धाको अनुसन्धान गर्ने तथा सरकारी वकिलबाट जिल्ला अदालतमा अभियोग दायर हुने कानूनी व्यवस्था छ । प्रतिलिपि अधिकार सम्वन्धी ऐनमा देवानी उपचारको अभाव रहेको एवं सरकारी मुद्धासम्वन्धी ऐन अनुसार जाहेरवाला वा पीडित व्यक्ति एउटा साक्षीको रूपमा मात्र अदालतमा उपस्थित हुन सक्ने हुँदा यो प्रतिलिपि अधिकार सम्वन्धी ऐनले पीडितलाई पर्याप्त देवानी उपचार उपलब्ध गराउन सकेको पाइदैन । प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ अनुसार प्रतिलिपि अधिकारको उल्लंघन गरेको ठहरिए पहिलो पटकको लागि दश हजार देखि एक लाख सम्म जरिवाना वा छ महिनसम्म कैद वा दुवै र पटके अपराधीको लागि बीस हजार देखि दुई लाख सम्म जरिवाना वा एक महिनसम्म कैद वा दुवै सजाय र प्रतिलिपि उल्लंघनकर्ताबाट रचनाको धनीलाई पुग्न गएको क्षतिको क्षतिपूर्ति पनि भराइ दिनुपर्ने कानूनी व्यवस्था छ ।

### ५. निष्कर्ष

प्रतिलिपि अधिकार बौद्धिक संपत्ति सम्वन्धी अधिकारहरूमध्ये एक प्रमुख अधिकार हो । यसले श्रृजनात्मक कृयाकलापहरूलाई प्रोत्साहन गर्ने हुँदा समाजको द्रुततर विकाशको लागि प्रतिलिपि अधिकारको संरक्षण हुन आवश्यक छ भन्ने कुरामा द्विविधा छैन । प्रतिलिपि अधिकारको संरक्षण श्रष्टाको लागि मात्र आवश्यक छैन यसको उल्लंघनले आम उपभोक्ता ठगिने र सरकारलाई राजस्वको समेत नोक्शान पार्छ । प्रतिलिपि अधिकार ऐन, २०५९ माथि उल्लेख गरिए अनुसार कतिपय अर्थमा विस्तृत, प्रष्ट र समसामयीक छ । तथापी यसमा अद्यापी कमि कमजोरीहरू छन । नेपाल विश्व व्यापार संगठनको सदस्य एवं बर्न कन्भेन्सनको पक्ष राष्ट्र भएकोले हाम्रो कानूनले प्रत्याभूत गरेको प्रतिलिपि अधिकारको संरक्षणको स्तर विश्व समुदायमा विश्वशनीय र भरपर्दो हुन जरूरी छ । पहिलो कुरा हामीसँग बौद्धिक संपत्ति संरक्षण सम्वन्धमा नीतिगत व्यवस्थाको खाँचो छ । त्यसपछि कानून, संयन्त्र र संरचनाहरूमा गरिएको सुधारहरू र भइरहेका संयन्त्र र संरचनाहरूको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाएर हामीले प्रतिलिपि अधिकारको संरक्षण गर्न सक्छौं ।

---

### विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस

## पुस्तक र प्रतिलिपि अधिकार सम्बन्धी नीतिको आवश्यकता

विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवसको अवसरमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघ र प्रतिलिपि अधिकार संरक्षण समाजको संयुक्त आयोजनामा नेपाल प्रज्ञा प्रतिष्ठानमा मिति २०६९ वैशाख १० गते (२३ अप्रिल २०१२) का दिन एक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्राज्ञ, वरिष्ठ विद्वान, लेखक, सदस्य सचिव प्राज्ञ सनत रेग्मी, प्रतिलिपि अधिकार संरक्षण समाजका महासचिव श्री सन्तोष शर्मा तथा अधिवक्ता परशुराम कोइराला, नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघका अध्यक्ष श्री रामचन्द्र तिमोठी आदिले रचनाकार, पुस्तक तथा प्रतिलिपि अधिकारका विषयमा प्रकाश पार्नु भएको थियो ।



साहित्यकार, गीतकार, संगीतकार, पुस्तक प्रकाशक तथा बिक्रेता लगायतका महानुभावहरूको सहभागिता थियो ।

विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस हरेक वर्ष अप्रिल २३ मा मनाइन्छ । धेरै प्रसिद्ध साहित्यकारहरूको जन्म तथा मृत्यु अप्रिल २३ मा भएको हुँदा यस दिनलाई विश्व साहित्य जगतमा महत्वपूर्ण दिनको रूपमा लिइन्छ । संयुक्त राष्ट्र संघको शैक्षिक वैज्ञानिक तथा संस्कृति संगठन (UNESCO) ले यसै दिनलाई पारेर यो दिवस मनाउने गरेको छ । पढ्ने, पुस्तक प्रकाशन गर्ने र प्रतिलिपि अधिकारको संरक्षणलाई प्रोत्साहन गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो ।

प्रज्ञा प्रतिष्ठानमा आयोजित कार्यक्रममा प्राज्ञ महादेव अवस्थीले "नेपाल प्रज्ञा प्रतिष्ठानः पुस्तक र संस्थागत परिप्रेक्ष्य"मा र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले "नेपालको प्रतिलिपि अधिकार व्यवस्था" सम्बन्धमा कार्यपत्र पेश गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका

कार्यक्रममा वक्ताहरूले पहिलेको तुलनामा शिक्षा र साक्षरता बढेको, पढ्ने प्रवृत्ति पनि बढेको तर पुस्तकहरूका बारेमा प्रयाप्त सूचना प्रवाह हुन नसकेको, प्रचार प्रसार र लेखकको कृतिको योगदान बारे बुझाउन नसक्दा पनि पुस्तक वितरणमा प्रभावकारिता हुन नसकेको, नेपालमा पुस्तक र प्रकाशन सम्बन्धी नीति नहुँदा पनि समस्याहरू बढेको, देशमा पुस्तकालयहरू कम रहेको, त्यसमा पनि पुस्तक किन्ने साधन स्रोतको अभाव रहेको तथ्य औंल्याउनु भयो । कार्यक्रममा राज्यले पुस्तक सम्बन्धी र प्रतिलिपि अधिकार सम्बन्धी नीति बनाउनु पर्ने र पुस्तक प्रकाशन व्यवसायलाई पनि उद्योगको मान्यता दिनु पर्ने जस्ता मागहरू पनि उठेको थियो ।

रचनात्मक कामहरूलाई संरक्षण र प्रोत्साहन गर्दै तथा सिर्जनात्मक कार्यमा आधारित प्रकाशन, प्रसारण, प्रदर्शन आदि व्यवसायको प्रबर्द्धन गरी देशको आर्थिक सामाजिक र सांस्कृतिक विकासमा ठूलो फड्को मार्न सकिन्छ । यसका लागि राज्यले सिर्जनात्मक उद्यम र प्रतिलिपि अधिकार सम्बन्धी नीति बनाउन जरूरी छ भन्ने पनि विज्ञहरूको विचार रह्यो ।

## नेपाल संगीत रोयल्टी संकलन समाजको कार्यसमिति निर्वाचन

नेपाल संगीत रोयल्टी संकलन समाजको साधारण सभा सम्पन्न भयो । मिति २०६९ वैशाख १५ गते राखिएको साधारण सभा गणपुरक संख्याको अभावमा सम्पन्न हुन नसके पछि पुनः मिति २०६९ वैशाख २३ गते आयोजना गरिएको साधारण सभाले समाजको एघार सदस्यीय नयाँ कार्यसमिति चयन गरेको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका शाखा अधिकृत श्री अनिल राज शर्माको संयोजकत्वमा गठित निर्वाचन उपसमितिले सो निर्वाचन कार्य सम्पन्न गराएको थियो । नयाँ कार्यसमितिमा अध्यक्ष श्री राजेन्द्र थापा, सदस्यहरूमा संगीतकार श्री शुरेस अधिकारी, श्री महेश खड्का, श्री वसन्त सापकोटा, श्री शान्तिराम राई, श्री लक्ष्मण शेष विडारी, गीतकारहरू श्री योगेन्द्र मणि दाहाल, श्री एकनारायण भण्डारी, श्री ललिता कुँवर, श्री सञ्जय वराल, श्री विजय सिवाकोटी निर्वाचित हुनु भएको छ ।

## संगीत दिवस २०६९

जुन २१ लाई संसारभर विश्व संगीत दिवसको रूपमा मनाईयो । सन् १९८२ देखि फ्रान्सबाट शुरू भएको संगीत दिवस नेपालमा पनि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संगीत सम्बन्धी संस्थाहरूले विविध कार्यक्रम गरेर मनाउने गर्दछन् । सांगीतिक रचनाको संरक्षण प्रतिलिपि अधिकार व्यवस्थाले गर्दछ । यसैले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले पनि प्रतिलिपि अधिकार सम्बन्धी सचेतना बढाउन विश्व संगीत दिवसमा सरिक हुने गरेको छ । यस पटक मोफलसलमा गरिएको कार्यक्रममा सहभागी हुँदै यस कार्यालयबाट वागेश्वरी संगीतालयको संयुक्त आयोजनामा २०६९/३/७ (२१ जुन ) का दिन वुटवलमा एक कार्यक्रमको आयोजना गरेर मनाइयो । वुटवलको स्थानीय रंगशालामा आयोजना गरिएको उक्त कार्याक्रममा विभिन्न गीत संगीतहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रतिलिपि अधिकारको पालना गर्ने, पाइरेसी अपराधिक कार्य हो भन्ने सन्देशहरू पनि प्रस्तुत गरिएको थियो ।

### विश्व बौद्धिक सम्पत्ति दिवस अन्तरक्रिया कार्यक्रम

## बौद्धिक सम्पत्तिको महत्व र पत्रकारहरूको भूमिका



हरेक वर्षको २६ अप्रिल तारिखका दिनलाई विश्व बौद्धिक सम्पत्ति दिवसको रूपमा मनाइन्छ । विशेषत: आविष्कार र सिर्जनात्मक कामलाई बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाले कसरी गति र शक्ति प्रदान गरेको छ भन्ने सचेतना प्रवाह गर्न यो उत्सव मनाइन्छ । यस वर्ष सन् २०१२ को बौद्धिक सम्पत्ति दिवसमा दूरदर्शी आविष्कारकहरू (Visionary Innovators) प्रति समर्पित गरेर मनाउने निर्णय विश्व बौद्धिक सम्पत्ति संगठनले गरेको थियो ।

यस अवसरमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा नेपाल आर्थिक पत्रकार समाजले संयुक्त रूपमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेका थिए । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कर्मचारीहरू, नेपाल आर्थिक पत्रकार समाजका सदस्य तथा पदाधिकारीहरू लगायत विभिन्न सञ्चार माध्यमका पत्रकारहरू तथा प्रतिलिपि अधिकारसँग सरोकार राख्ने संघ संस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले "नेपालको प्रतिलिपि अधिकार व्यवस्था र यसका सम्भावना तथा चुनौतिहरू" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नेपाल आर्थिक पत्रकार समाजका उपाध्यक्ष श्री गोकर्ण अवस्थीले "बौद्धिक सम्पत्तिको महत्व र पत्रकारहरूको भूमिका" बारे अर्को कार्यपत्र पेश गर्नु भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघका अध्यक्ष रामचन्द्र टिमोठी, नेपाल संगीत उद्योग संघका अध्यक्ष पदम बुढा, संगीत रोयल्टी संकलन समाज नेपालका तत्कालिन महासचिव भरत शाक्य, राष्ट्रिय लोक दोहोरी प्रतिष्ठानका पूर्व अध्यक्ष श्री दुर्गा रायमाझीले आ-आफ्नो क्षेत्रमा प्रतिलिपि अधिकार कार्यान्वयनको अवस्था, यसका सम्भावना र व्यहोर्नु परेका समस्याहरू प्रस्तुत गर्नु भएको थियो । यसै गरेर नेपाल आर्थिक पत्रकार समाजका महासचिव विज्ञान अधिकारी तथा पत्रकार नवराज चालिसेले प्रस्तुत कार्यपत्रहरू उपर टिप्पणी सहित मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरूले प्रतिलिपि अधिकार बारे चेतना, ज्ञान र सीपको कमी भएकोले यसको विस्तार गर्नु पर्ने, प्रतिलिपि अधिकार धनीले पनि आफ्नो अधिकारको सही प्रयोग र व्यवस्थापन गर्न जान्नु पर्ने, प्रतिलिपि अधिकार धनीको स्वीकृति लिएर मात्र रचनाको प्रयोग गर्ने बानी बसाउनु पर्ने र रचना प्रयोग गरे वापत शर्त बमोजिम रोयल्टी तिर्ने पद्धति अनिवार्य गर्नु पर्ने, रोयल्टीको संकलन र वितरण पारदर्शी र सरल पारिनु पर्ने जस्ता धारणा र मन्तव्य राख्नु भएको थियो । यसै गरेर विना स्वीकृति रचना प्रयोग गर्ने र रोयल्टी पनि नदिनेहरू प्रति प्रतिलिपि अधिकार धनीहरूले कानूनी कारवाही गराउन अग्रसर हुनु पर्ने एवं पाइरेसी नियन्त्रण गर्न प्रतिलिपि अधिकार धनीहरू र सरकारी संयन्त्रले विशेष पहल गर्नु पर्ने जस्ता राय सुझाव र प्रतिक्रियाहरू अन्तरक्रिया कार्यक्रममा राखिएका थिए ।

## प्रतिलिपि अधिकार रोयल्टी संकलन संस्थाहरूको लागि आचार संहिता

प्रतिलिपि अधिकारको रोयल्टी संकलनका क्षेत्रमा कार्यरत संस्थाहरूमा संस्थागत आचरण तथा व्यवसायिक मर्यादा कायम गरी रोयल्टी संकलन तथा वितरण व्यवस्थालाई मितव्ययी, प्रभावकारी तथा पारदर्शी बनाउन सहयोग पुऱ्याउन एक आचार संहिताको मस्यौदा गरिएको छ । सो मस्यौदाउपर त्यस क्षेत्रमा कार्यरत रोयल्टी संकलन संस्थाका कार्यसमिति पदाधिकारी तथा विभिन्न संस्थाका प्रतिनिधिहरूसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री विश्ववन्धु पौडेलले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु भएको थियो । अन्तरक्रियामा पहिलो सत्रमा अधिवक्ता सज्जनवरसिंह थापाले रोयल्टी संकलन समाजका लागि आचार संहिताको प्रारूपका रूपमा आचार संहिताको मस्यौदा प्रस्तुत गर्नु भयो । वहांले आचार संहिता मुलत: संस्थाको व्यवस्थापन सुशासन, जवाफदेहिता, पारदर्शी व्यवहार तथा समानताको सिद्धान्तमा आधारित रहेको छ भन्ने जानाकारी गराउँदै आचार संहिताको विविध पक्ष वारे जानकारी गराउनु भयो ।

संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष राजेन्द्र थापाले आचार संहिताको आवश्यकता रहेको महशुस गरिएको वेलामा यस सम्बन्धी काम हुनु खुशीको कुरा हो भन्नु भयो । सोही संस्थाका उपाध्यक्ष श्री सुरेश अधिकारीले रोयल्टी संकलन संस्थालाई सुचारु रूपले चलाउने उद्देश्यले आचार संहिता आउन लागेको देखिन्छ, यसमा User तथा Consumer समेतलाई समेटिन सकेमा राम्रो हुने कुरा राख्नु भयो । नेपाल संगीत उद्योग संघका पूर्व अध्यक्ष भगवान कुमार श्रेष्ठले यस्तो आचार संहिताको धेरै पहिलेदेखि आवश्यकता महशुस गरिएको थियो । यसको मस्यौदालाई पूर्णता दिई आचार संहिता अनुसार काम पनि गर्नु पर्ने वताउनु भयो ।

नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका पूर्व अध्यक्ष तथा वरिष्ठ लोक गीत गायक कुमार वस्नेतले स्रष्टाको आम्दानी दुरूपयोग नहोस् भनि आचार संहिता आउन लागेकोले सह्रानीय काम भएको विचार व्यक्त गर्नु भयो । नेपाल गायन समाजका अध्यक्ष रामकृष्ण ढकालले अधिकार र जिम्मेवारी पाएको हुँदा रोयल्टी संकलन संस्थाहरूलाई अनुशासनमा राख्नु पर्ने हुन्छ र संस्थामा वसेर काम गर्न सकेन भने संस्था जीवन्त रहन पनि सक्दैन भन्दै आचार संहितालाई कागजमा बनाउन जति जरूरी छ त्यति नै कार्यान्वयनमा ल्याउन पनि जरूरी रहेको विचार व्यक्त गर्नु भयो । कार्यक्रममा नेपाल लोक दोहरी प्रतिष्ठानका पूर्व अध्यक्ष दुर्गा रायमाझी, गीतकार ढुण्डीराज अधिकारी, संगीतकार वि.वि. अनुरागी, गीतकार बि. पाण्डे, संगीत रोयल्टी समाज नेपालका सदस्य वसन्त सापकोटा लगायतले पनि आ-आफ्ना विचार व्यक्त गर्नु भएको थियो ।



पृष्ठ १ को क्रमश........

जानकारी सम्बन्धित सर्जकलाई नै हुने भएकोले उसले प्रहरीमा उजुरी गर्ने पर्छ अन्यथा उपचार पाउन सकिंदैन । मानिसको मौलिक अधिकार, अर्थिक अधिकार, ईज्जत, प्रतिष्ठा प्रतिलिपि अधिकारसँग गांसिएको हुंदा यसलाई क्रमशः अगाडि बढाउँदै लैजानु पर्दछ" भनेर वहाँले जोड दिनु भयो ।

समुद्घाटन पश्चात् विभिन्न क्षेत्रका विद्वान प्रतिनिधिहरूले गोष्ठीको महत्व र आवश्यकता सम्बन्धमा मन्तव्य व्यक्त गर्नु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख, प्रहरी उपरीक्षक श्री रविन्द्रनाथ रेग्मीले विविध कारणले प्रतिलिपि अधिकार ऐन कार्यान्वयनमा कमजोरी रहेको तथ्य स्पष्ट पार्नु भयो। प्रतिलिपि अधिकार सम्बन्धी अपराधलाई फौजदारी अभियोग अन्तर्गत राखिएको छ, यसको अनुसन्धान र तहकिकात प्रहरीले गर्नु पर्ने हुन्छ तर प्रतिलिपि अधिकारको चोरी, नक्कल लगायत अपराध अनुसन्धान गर्न विशिष्ट खालको ज्ञान र सीपको पनि आवश्यक पर्नेमा सोको भने अभाव रहेको तथ्य औल्याउनु भयो। यसै तथ्यलाई मनन गरेर नेपाल प्रहरीभित्र copyright cell स्थापना गर्ने चर्चा भएको भए तापनि हालसम्म स्थापना भएको छैन भनी श्री रेग्मीले वताउनु भयो। प्रतिलिपि अधिकार उल्लंघन गर्नेबाट अधिकार धनीलाई परेको क्षतिको क्षतिपूर्ति भराई दिनु पर्ने कानूनी व्यवस्था अनुसार क्षतिको मूल्यांकन गर्न पनि कठिनाई हुने गरेको वहाँले जानकारी गराउनु भयो । प्रतिलिपि अधिकार




सम्बन्धी धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौतहरूको नेपाल पक्षधर भइसकेको सन्दर्भमा वहाँले यसरी सन्धि सम्झौताहरूमा हस्ताक्षर गरेपछि त्यस्ता सन्धि सम्झौताहरू कार्यान्वयन गर्ने क्षमतामा पनि ध्यान दिन आवश्यक रहेको सुझाव पनि दिनु भयो ।

सिर्जनशील साहित्यिक समाजका सचिव श्री नारायण प्रसाद भण्डारीले प्रतिलिपि अधिकार प्रवर्द्धन गर्न सचेतना कार्यक्रम आवश्यक रहेको, साहित्यकार तथा स्रष्टाहरूको सिर्जना उनीहरूको सम्पत्ति भएको हुँदा त्यसको सुरक्षा हुनुपर्ने कुरामा जोड दिनु भयो ।

यसै गरेर रूपन्देही पत्रकार महासंघका सचिव श्री यानेन्द्र जि.सि. ले यस्तो सचेतना कार्यक्रम राष्ट्रिय अभियानका रूपमा चलाउनु पर्ने, विधिको शासनलाई प्रवर्द्धन गर्न कानूनको कार्यान्वयन र त्यस सम्बन्धी क्षमता वढाउनु पर्दछ भन्नु हुँदै मिडियाहरूले पनि स्रोत नखुलाई प्रसारण गर्ने गरेको देखिंदा त्यसलाई रोक्नु पर्दछ भनी जोड दिनु भयो ।

कार्यक्रममा उद्घाटन सत्रका अध्यक्ष तथा भैरहवा बहुमुखी क्याम्पसका प्रमुख तथा प्राध्यापक डा. घनश्याम न्यौपानेले स्रष्टाहरू प्रतिलिपि अधिकार सम्बन्धमा र यसको चोरी नक्कल बारे सचेत रहन आग्रह गर्दै प्रतिलिपि अधिकार ऐन सम्बन्धमा सचेतना न्यून रहेकाले नै कलाकार, लेखकहरू धेरै ठगिएका हुन् भन्नु भयो । ज्ञानको अभावमा उजुरी गर्न प्रहरी सामु जानु पर्नेमा पत्रकार सामु पुगेको धेरै उदाहरणहरू प्रस्तुत गर्दै आफ्नो रचना दर्ता गर्न सबैलाई अनुरोध समेत गर्नु भयो ।

दोश्रो सत्रमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले "प्रतिलिपि अधिकार व्यवस्था" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । वहाँले ऐन, नियम र सन्धि सम्झौता, कानूनी व्यवस्था र दण्ड सजायको व्यवस्था, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको उद्देश्य,



यसको काम तथा सुधारका क्षेत्रहरू लगायत विभिन्न विषयहरूमा चर्चा गर्नु भएको थियो। दोश्रो कार्यपत्र प्रस्तुति वरिष्ठ साहित्यकार तथा प्राध्यापक डा. मुरारी प्रसाद पराजुलीले "प्रतिलिपि अधिकार कानून: कार्यान्वयन र सुधारका क्षेत्रहरू" विषयमा गर्नु भएको थियो । कार्यपत्र प्रस्तुत गर्दै वहाँले प्रतिलिपि अधिकार, प्रतिलिपि अधिकार कानूनको परम्परा, कानून कार्यान्वयनको स्थिति, रूपन्देही सेरोफेरोमा प्रतिलिपि अधिकार र यसको सुधारका क्षेत्रहरू सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

कार्यपत्रहरू प्रस्तुति पछि सहभागीहरूले विभिन्न जिज्ञासा, राय, सुझाव र प्रतिक्रिया प्रस्तुत गर्नु भएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्य, कला, ज्ञानविज्ञान लगायतका क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत भएका रचना तथा ध्वनिअंकन, प्रस्तुति र प्रसारण जस्ता प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरूत्पादन एवं व्यवसाय गर्नु पूर्व प्रतिलिपि अधिकारधनीको अनुमति अनिवार्य हुने हुंदा कसैको रचना वा सिर्जनाजन्य वस्तुको उत्पादन एवं पुनरूत्पादन गर्दा प्रतिलिपि अधिकार-धनीको लिखित सहमति वा अनुमति लिएर मात्र गर्न आग्रह गर्दै प्रतिलिपि अधिकारको प्रयोगकर्तामा पनि सक्कली उत्पादनको मात्र प्रयोग गर्न हार्दिक अपिल गरिन्छ ।

अनुमति विना प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरूत्पादन एवं व्यवसाय गरेमा एक पटकमा रू. एक लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजायका अतिरिक्त क्षतिपूर्ति समेत तिर्नुपर्ने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको छ ।

प्रतिलिपि अधिकारधनीको अनुमति विना विभिन्न प्रकारका गीत संगीतमा थपघट गरी अधिकारयुक्त रचनाको स्वरूपमा परिवर्तन गरी पुनरूत्पादन गरेकोमा सम्मानित पुनरावेदन अदालत पाटनवाट रोक लगाउने गरी अन्तरिम आदेश समेत जारी भइसकेको सन्दर्भमा अधिकारधनी, प्रयोगकर्ता एवं व्यवसायीहरूमा उपर्युक्त ऐनको प्रावधानहरूलाई ध्यान दिई प्रतिलिपि अधिकारयुक्त वस्तुको प्रयोगमा सचेत रहन अनुरोध गर्दछौं ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

## सम्पादकीय

# रोयल्टी संकलन संस्थाहरूका लागि आचार संहिता

प्रतिलिपि अधिकार ऐन अनुसार कुनै पनि रचना उपर रचयिताको अधिकार हुने र कसैले त्यस्तो रचनाको प्रयोग गर्दा प्रतिलिपि अधिकार धनीको पूर्वस्वीकृति लिनु पर्दछ । यसरी अरूको रचना प्रयोग गरे वापत प्रतिलिपि अधिकार धनीलाई निश्चित रकम रोयल्टी पनि दिनु पर्ने हुन्छ । यो रचना प्रयोग गर्न स्वीकृति दिने र रोयल्टी संकलन र वितरण गर्ने काम प्रत्येक प्रतिलिपि अधिकार धनी र रचना प्रयोगकर्ता बीच व्यक्तिगत रूपमा भेटेर गर्न संभव हुँदैन र सही रूपमा व्यवस्थापन गर्न पनि सकिंदैन । त्यसैले प्रतिलिपि अधिकार धनीहरूले आफ्नो प्रतिलिपि अधिकारको ब्यवस्थापन गर्न सामुहिक संस्था गठन गर्दछन् र यसै मार्फत रचना प्रयोग गर्न स्वीकृति दिने र सो वापतको रोयल्टी संकलन गरेर वितरण गर्ने गर्दछन् ।

प्रतिलिपि अधिकारको व्यवस्थापन र कार्यान्वयनमा सामुहिक संस्था अर्थात रोयल्टी संकलन संस्थाहरूको महत्वपूर्ण भूमिका हुन्छ । स्रष्टा तथा प्रतिलिपि अधिकार धनीहरूले आफ्नो रचना प्रयोग गर्न स्वीकृति दिने अख्तियारी रोयल्टी संकलन संस्थालाई दिएका हुन्छन् । रचना प्रयोग गरे वापतको रोयल्टीको मापदण्ड पनि यिनै संस्थाहरूले गर्दछन् र रोयल्टी रकम संकलन गरेर वितरण पनि गर्दछन् । यसैले रोयल्टी संकलन संस्थाहरूको सञ्चालन र व्यवस्थापन जति राम्रो र प्रभावकारी हुन सक्यो त्यति नै प्रतिलिपि अधिकार व्यवस्था सफल र फलदायी हुन सक्दछ ।

यसै कुरालाई दृष्टिगत गरेर नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले रोयल्टी संकलन गर्ने संस्थाहरूले पालना गर्नुपर्ने आचार संहिता तयार गर्न लागेको छ । मूलतः रोयल्टी संकलन गर्ने संस्थाहरूको गठन र सञ्चालनमा विधिको पालना, प्रजातान्त्रिक अभ्यास र सुशासनको मूल्य मान्यता कायम गराउन यस्तो आचार संहिता तयार पार्न लागिएको हो । यसको पालनाबाट प्रतिलिपि अधिकारयुक्त रचनाहरूको विधि सम्मत प्रयोग र सो वापतको रोयल्टी संकलन र वितरणको कार्य व्यवस्थित, प्रभावकारी, पारदर्शी, उत्तरदायी, मितव्ययी र मर्यादित हुने अपेक्षा गर्न सकिन्छ ।

प्रस्तावित आचार संहिताले संस्थाले सदस्य स्रष्टा तथा प्रतिलिपि अधिकारधनी र रचनाहरू प्रयोग गर्न अनुमति प्राप्त अनुमतिपत्रवाला दुबै प्रति उच्च सेवाभावले काम गर्नु पर्ने तर संस्थाले अधिकतम मात्रामा प्रतिलिपि अधिकार धनीहरूको हितको प्रतिनिधित्व गर्नुपर्ने तथ्यलाई स्मरण गराउन खाजेको छ । यसै गरेर संस्थाले सदस्यता प्रदान गर्ने सम्बन्धी र रचनाहरू प्रयोग गर्न अनुमति प्रदान गर्ने सम्बन्धी र रोयल्टी संकलन तथा वितरण सम्बन्धी मापदण्डहरू बनाई लागू गर्नु पर्दछ भनेर उल्लेख गरिएको छ । प्रतिलिपि अधिकारयुक्त सामग्रीको सार्वजनिक प्रयोग गर्न अनुमति लिन चाहनेहरूलाई अनुमति प्राप्त गर्ने प्रक्रिया, विधि, अनुमतिपत्रमा उल्लेख हुने शर्तहरू, संस्थाले रोयल्टी संकलन गर्ने विधि वारेमा प्रयाप्त सूचना उपलब्ध गराउनु पर्दछ ।

प्रस्तावित आचार संहिता अनुसार संस्थाले आफुले प्रदान गर्ने अनुमतिपत्रका शर्तहरू तथा अनुमतिपत्रको प्रवर्द्धन सम्वन्धमा सम्वन्धित सरोकारवालासँग आवश्यक छलफल र परामर्श गर्नु पर्दछ । प्रतिलिपि अधिकार सामग्रीको प्रयोग गरे वापतको शुल्क वा रोयल्टी निर्धारण गर्दा न्यायोचित र औचित्य पुष्टि हुने गरी गर्नु पर्दछ । सामान्यतया संस्थाले अनुमतिपत्र शुल्क वा रोयल्टी निर्धारण गर्दा प्रतिलिपि अधिकारयुक्त सामग्रीको मूल्य, प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोगको अवस्था, सन्दर्भ र उद्देश्य, प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग गर्ने तरिका वा किसिम र प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोगको सम्बन्धमा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको निर्देशनलाई आधार लिनु पर्दछ । अन्तर्राष्ट्रिय प्रचलन, व्यवहार र तथ्यहरूलाई पनि यथासम्भव मार्गदर्शनको रूपमा लिनु पर्दछ ।

संस्थाले आफ्ना सदस्यहरूलाई रोयल्टी वितरण गर्ने सम्बन्धी मापदण्ड बनाई समय समयमा त्यसलाई अद्यावधिक समेत गर्नु पर्दछ र यस्तो रोयल्टी निर्धारण गर्ने र वितरण गर्ने मापदण्ड सदस्यहरूलाई जानकारी समेत गराउनु पर्दछ भनेर आचार संहितामा उल्लेख गरिएको छ ।


रोयल्टी संकलन संस्थाहरूको अर्को महत्वपूर्ण काम प्रतिलिपि अधिकार सम्बन्धी प्रतिलिपि अधिकारको प्रवर्द्धन गर्नु । संस्थाले आफ्ना सदस्य, अनुमतिपत्रवाला र साधारण जनतालाई प्रतिलिपि अधिकारको महत्व, प्रतिलिपि अधिकारको क्षेत्रमा संस्थाको भूमिका, कर्तव्य र संस्थाको योजना र कार्यक्रमहरू तथा उपलब्धिहरू सचेत गराउन आवश्यक एवं उचित क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने जिम्मेवारी पनि आचार संहितामा समेटिएको छ ।

संस्थाले सदस्य र अनुमतिपत्रवालाहरूको गुनासो सुन्ने व्यवस्था मिलाउनु पर्ने र यस्तो गुनासो व्यवस्थापन सम्बन्धी विधि र प्रक्रिया तयार गरी प्रकाशन समेत गर्नु पर्ने व्यवस्था गर्न आचार संहिताले निर्देश गरेको छ । आचार संहिता बनाएर लागू गर्दैमा मात्र त्यसले अपेक्षा गरेको उपलब्धि हासिल हुने होइन । त्यसैले आचार संहिता सही रूपमा लागू भयो भएन र त्यसमा के कस्ता सुधार गर्न आवश्यक छ भनेर अनुगमन गर्ने व्यवस्था पनि प्रस्तावित आचार संहितामा गरिएको छ ।

यस किसिमको आचार संहिताले रोयल्टी संकलन गर्ने संस्थाहरूलाई अनुशासित, मर्यादित र प्रभावकारी बनाउनुका साथै काम गर्न मार्ग दर्शन समेत गर्ने सरोकारवालाहरूको भनाई रहेको पाईन्छ ।

**बिसु कुमार के.सी.**
रजिष्ट्रार

## २०६९ असार ३१ सम्मको रचना दर्ता



जम्मा रचना दर्ता: ८६९

## सिर्जना दर्ताका लागि आवश्यक सामग्रीहरू

१. रचना एवं सिर्जना प्रति -२
२. नागरिकताको प्रतिलिपि प्रति -१
३. सम्बन्धित स्रष्टाको तस्वीर (PP Size Photo) प्रति -२
४. निवेदन फारामसाथ रू. १०/-को टिकट प्रति -१
५. दर्ता शुल्क रू. १००/- (प्रत्येक रचनाको लागि)
६. ध्वनिअंकन उत्पादन दर्ताको लागि सम्बन्धित गीतकार, संगीकार र गायक/गायिकाहरूसंगको लिखित सम्झौताको प्रतिलिपिहरू समेत संगलग्न गर्नु पर्नेछ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग :